सुनवल नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भाग-१ खण्ड-६ संख्या-१ १ श्रावण २०७९, बुधवार

सुनवल नगरपालिका, नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत २०७८ सालको ऐन नं. १

## सुनवल नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावना:**

साविक स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका, गाउ विकास समिति) मा कार्यरत रहि कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तह सुनवल नगरपालिकामा तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपका सुविधा विना समायोजन भएका स्थायी कर्मचारीहरूलाई कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ मा भएको व्यवस्थालाई मध्यनजर गरी तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपको प्रोत्साहन सुविधासहित प्रोत्साहन तथा पदस्थापन गरी कर्मचारीको मनोवल उच्च वनाउनका लागि कानूनी व्यवस्था गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुनवल नगरपालिकाको नगरसभाले यो ऐन तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "सुनवल नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर्मचारी" भन्नाले साविक स्थानीय निकायबाट कर्मचारी समायोजन ऐन २०७५ वमोजिम सुनवल नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरूलाई सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले सुनवल नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले सुनवल नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन वमोजिम हाल कार्यरत रहेको पदमा सेवा प्रवेशका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम गठन भएका साविक गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई सम्झनु पर्दछ ।

(ज) "प्रोत्साहन सुविर्धा भन्नाले साविक स्थानीय निकायहरूबाट सुनवल नगर पालिकामा समायोजन भएका स्थायी कर्मचारीहरूलाई यसै ऐनके दफा ४ बमोजिम उपलब्ध हुने तहबृद्धि वा स्तरबृद्धि वा ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

**३. संगठन संरचना तथा कर्मचारी दरबन्दी:**

(१) सुनवल नगरपालिकामा सेवा प्रवाहका लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी नेपाल





सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत बमोजिम हुने छ ।

**४. प्रोत्साहन सुविधा उपलब्ध गराउने:**

(१) यस दफा वमोजिमका मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन वा ग्रेड थप गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउदा शुरू नियुक्ति पदको शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मुल्याँकन समेतलाई आधार बनाइनेछ ।

(३) उपदफा (१) बमोजिमको स्तरबृद्धि वा तहवद्धि वा ग्रेडथप गर्दा पछिल्लो ३ बर्षको कार्यसम्पादन मुल्याँकनमा औषत न्युनतम ८० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(४) प्रोत्साहन सुविधा उपलब्ध गराउदा शुरू नियुक्ति पदको शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मुल्याँकन समेतलाई आधार बनाइनेछ ।

(५) उपदफा (१) बमोजिमका कर्मचारीहरूको तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन वा ग्रेड थपको प्रोत्साहन सुविधा देहाय वमोजिम हुनेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन (ग्रेडथप सुविधा) |
|---|---|---|---|
| श्रेणीविहीन (कार्यालय सहयोगी, ड्राइभर, हेल्पर, सफाई मजदुर समेत) | ५ वर्ष भन्दा कम ३ वर्ष भन्दा वढी स्थायी सेवा अवधी पुगेको | सोही स्तरमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | ५ वर्षभन्दा वढी सेवा अवधि भएको १ स्तर वृद्धि | १ स्तर वृद्धि | |
| सहायक स्तर चौथो (खरिदार) | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | खाईपाई आएकोमा २ ग्रड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएको | सहायक पाँचौ | |

| | | | |
|---|---|---|---|
| सहायक स्तर पाँचौ (ना.सु. र कम्प्यूटर अपरेटर | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत छैठौं | |
| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन (ग्रेडथप सुविधा) |
| अधिकृत छैठौं | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक योग्यता न भएको | सोही तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत सातौं | |
| अधिकृत सातौं | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | खाईपाई आएकोमा २ ग्रड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत आठौं | |





(६) उपदफा (२) बमोजिमको पद नाममा सम्बन्धित सेवा/समूह/उपसमुह जनाई पदनाम कायम हुनेछ ।

(७) यस ऐन वमोजिम कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन वा ग्रेड थप गरे पश्चात कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(८) यस ऐन वमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानून वमोजिम सम्वन्धित कर्मचारीले पाउने अधिकतम ग्रेडभन्दा वढी भए पनि उपलब्ध गराईनेछ ।

(९) यस ऐन बमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन हुने कर्मचारीहरूले तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरू प्राप्त गर्नेछन् ।

(१०) यस ऐनको दफा ४ र सो अन्तर्गतका उपदफाहरूमा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानुन वमोजिमको वढुवा रोक्का वा तलववृद्धि रोक्का सम्वन्धी सजाय पाएको कर्मचारीहरूलाई यस ऐन बमोजिम ग्रेड वृद्धि, स्तर वृद्धि वा तह वृद्धि गरिने छैन ।

(११) यस ऐन वमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन वा ग्रेड थप गर्ने प्रयोजनको लागि कर्मचारीको सेवा अवधी गणना गर्दा यो ऐन प्रारम्भ हुदाका वखत कायम रहेको तहमा शुरू नियुक्ति मिति वा वढुवा नियुक्तिको जेष्ठता गणना हुने मिति देखि यो ऐन जारी भएको मितिसम्मको अवधीलाई गणना गरिनेछ ।

## ५. तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन वा ग्रेडथप गरिएको पत्र दिने:

(१) यस ऐन वमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन वा ग्रेड थप हुने कर्मचारीहरूलाई प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन वा ग्रेडथप गरिएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन सुविधा सम्बन्धी पत्र अनुसूची-१ वमोजिमको र ग्रेडथप गरिएको पत्र अनुसूची-२ वमोजिमको हुनेछ ।

(३) दफा ४ (४) बमोजिम तहवृद्धि वा स्तरबृद्धि वा ग्रेड थपको जानकारी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को

कार्यालय लुम्बिनी प्रदेश र प्रदेश लोकसेवा आयोग लुम्बिनीलाई समेत दिईनेछ ।

**६. प्रोत्साहन भएका कर्मचारीहरूको सेवा सुविधा:**
यस ऐन वमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन भएका कर्मचारीहरूको तलब तथा अन्य सुविधा तहवृद्धि/स्तर वृद्धि भएको तहका लागि प्रचलित कानुनले तोके वमोजिमको हुनेछ ।

**७. यस ऐन वमोजिम हुने:**
यस ऐनमा लेखिएको कुराको हकमा यस ऐन वमोजिम हुनेछ र सो वाहेक अन्यको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

अनुसूची १
(दफा ५ को उपदफा (२) सँग सम्वन्धित)
सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**सुनवल, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)**

पत्र सख्या:
चलानी न. मिति..............................
श्री ........................................
..................................................

विषय: तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन गरिएको सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५ र सुनवल नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७८ बमोजिम तपाईलाई तपसिल बमोजिमको पद तथा तहमा तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन गरिएको छ ।





आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।
तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | तहवृद्धि/स्तरवृद्धि सहितको प्रोत्साहन तथा पदस्थापन गरिएकोको विवरण |
|---|---|
| पद:<br>तह:<br>सेवा:<br>समूह:<br>उपसमुह | पद:<br>तह:<br>सेवा:<br>समूह:<br>उपसमुह |

......................................
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।
श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।
श्री नागरिक लगानी कोष, नयाँ वानेश्वर, काठमाण्डौं ।
श्री आर्थिक प्रशासन शाखा, सुनवल नगरपालिका ।

अनुसूची २

(दफा ५ को उपदफा (२) सँग सम्वन्धित)

सुनवल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**सुनवल, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)**

पत्र सख्याः

चलानी न. मिति................................

श्री ......................................

..............................................

**विषयः ग्रेड थप सहितको प्रोत्साहन तथा पदस्थापन गरिएको सम्वन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ र सुनवल नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ बमोजिम तपाईलाई साविककै सेवा, समुह/उपसमुहको पद तथा तहमा हाल खाइपाई आएको ग्रेड संख्यामा २(दुई) ग्रेड थप सहित प्रोत्साहन तथा पदस्थापन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

**ग्रेड थप सहित प्रोत्साहन तथा पदस्थापन हुनु भएकोमा बधाई छ ।**

..........................................

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।





श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।

श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।

श्री आर्थिक प्रशासन शाखा, सुनवल नगरपालिका ।

प्रमाणिकरण मिति- २०७९।३।३० गते

आज्ञाले

अशोक कोइराला

प्रमुख प्रशासकीय अधिकृत